नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

## नेपाली राजदूतावास, नयाँ दिल्लीको अत्यन्त जरुरी सूचना

विश्वका अधिकांश मुलुकहरूमा कोरोना भाइरस (COVID-19) बाट प्रभावित/संक्रमित हुनेको संख्या बढिरहेको विदितै छ । यस सन्दर्भमा भारतमा रहनु भएका नेपाली समुदायमा जानकारीका लागि देहाय बमोजिम अनुरोध गरिन्छ ।

१. COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि अपनाउनु पर्ने सावधानीहरू:-
- साबुन पानीले पटक पटक हात धुने वा Hand Sanitizer ले नियमित रुपमा हात सफा गर्ने ।
- हात पूर्ण रुपले साबुन पानी वा Hand Sanitizer ले सफा नगरी आँखा, नाक र मुख नछुने ।
- व्यक्तिसँग भेटघाटमा कम्तीमा पनि १ मिटर (३ फिट) को दूरी कायम गर्ने ।
- संक्रमित व्यक्तिको सम्पर्कमा नआउने । शारीरिक स्पर्श नहुने गरी अभिवादन गर्ने ।
- पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर खाने । जंगली तथा घरपालुवा पशुपंक्षीसँगको असुरक्षीत सम्पर्कबाट टाढा रहने।
- खोक्दा वा हाच्छ्युँ गर्दा टिस्यु पेपर वा कुहिनोको भित्री भागले नाक र मुख छोप्ने । आफू बिरामी परेको बेलामा घरमा छुट्टै कोठामा बस्ने ।
- संभव भएसम्म सार्वजनिक यातायातका साधनहरूमा यात्रा नगर्ने र यात्रा गर्नु परेमा मास्क प्रयोग गर्ने । अत्यावश्यक अवस्थामा बाहेक यात्रा नगर्ने । सकेसम्म भीडभाड हुने स्थानहरूमा नजाने । जानै पर्ने अवस्थामा मास्कको प्रयोग गर्ने।
- उच्च रक्तचाप, मुटु, मृगौला तथा स्वासप्रश्वासका बिरामी एवम् गर्भवती महिलाहरूले विशेष सावधानी अपनाउने ।
- टाउको दुख्ने वा सिंगान बग्ने जस्ता लक्षण देखिएमा निको नभएसम्म अरुसँग घुलमिल (Expose) नहुने, आराम गर्ने, असहज भएमा तत्काल नजिकको स्वास्थ्य केन्द्र वा अस्पतालमा सम्पर्क गर्ने ।

२. नेपाल सरकारले युरोपका सबै मुलुकहरू, पश्चिम एसिया लगायत खाडी क्षेत्रका मुलुकहरू, इरान, टर्की, मलेसिया, दक्षिण कोरिया, जापानबाट आउने र ती मुलुकलाई ट्रान्जिट बनाई अन्य जुनसुकै मुलुकबाट आउने सबै यात्रुहरूलाई २० मार्च २०२० मध्य राती देखि लागू हुने गरी १५ अप्रिल २०२० सम्म आगमनमा प्रतिवन्ध लगाएको व्यहोरा जानकारी गराइन्छ ।

३. नेपाली नागरिकहरूलाई नेपाल-भारत आवागमन सम्बन्धी विद्यमान व्यवस्थामा हालसम्म कुनै परिवर्तन नभएको ।

४. नेपाल सरकार र भारत सरकारबाट COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि जारी भएका निर्देशनहरू/सूचनाहरू एवम् सञ्चार माध्यमबाट आएका आधिकारिक सूचनाहरू नियमित रुपमा जानकारीमा लिई पालना गर्नुहुन अनुरोध गरिन्छ ।

५. राजदूतावासमा आफै आउनुपर्ने अत्यावश्यक कामका लागि आउनुपूर्व तोकिएको फोन नम्बरहरु + 91-11-23476200 वा 23327361 मा कार्यालय समयमा तोकिएको अधिकारीसँग समय मिलाएर आउने । विशेष कामका लागि आउँदा कामसँग सम्बन्धित व्यक्ति मात्र आउनु हुन अनुरोध गरिन्छ ।

६. आपतकालिन अवस्थामा सम्पर्क गर्नु परेमा मोवाइल नम्बर +91 8929601925 मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

७. COVID-19 सम्बन्धी जारी भएका/हुने निर्देशनहरू/सूचनाहरूको नियमित अद्यावधिक जानकारीका लागि निम्न लिङ्कमा हेर्नु हुन अनुरोध छ:-
- नेपालको अध्यागमन विभाग -http://www.nepalimmigration.gov.np/ र Hotline – 000977-1-4113045
- नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - https://heoc.mohp.gov.np/
- भारतको स्वास्थ्य एवम् परिवार कल्याण मन्त्रालय - https://www.mohfw.gov.in/ Helpline : +91-11-23978046 Toll Free No: 1075

८. साथै, उल्लिखित विषयहरूमा सम्बन्धित निकायहरूबाट थप जानकारी प्राप्त भएमा सोही बमोजिम राजदूतावासको वेबसाइटमा अद्यावधिक गरिनेछ ।

नेपाली राजदूतावास
नयाँ दिल्ली
२०७६ चैत्र ०६

नेपाली राजदूतावास
नयाँदिल्ली